# पीसविन

# २०२२ मा फर्केर हेर्दा सामुदायिक विकास परियोजना

तयार गर्ने
परियोजना टिम
एकिकृत सामुदायिक विकास परियोजना
पीसविन केन्द्रीय कार्यालय मार्तडी बाजुरा

## Contents

फर्निचर सहयोगले दिगो रुपमा बसाई व्यवस्थापनमा सहयोग........................................2
कक्षा कोठा व्यवस्थापन र शिक्षण प्रभावकारी बन्दै........................................4
घरमा अभिभावकहरु बालाबलिका प्रति जिम्मेबार बन्दै ........................................7
पढाई सीप सँगै वाचन सीप पनि प्रभावकारी बन्दै ........................................9
अभिभावक विहिनको अभिभावक जिएनआई बन्दै गर्दा बालकले व्यक्तित्व विकास गर्दै ................11
करिस्मा विक र उनको परीवारको फेरिएको जिवन कथा........................................13
सौचालय निर्माणले सेवामा सहजता........................................15
फर्निचर सहयोगले बसाई व्यवस्थापन र पढाईमा सहजता ........................................17
सहयोगको लालचमा विदेश गएका स्पोन्सर बालक स्वदेश फिर्ता........................................19
बाल समूह गठन पछि बिद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन ...................21
सफल भविष्यको लागि अभिभावक बन्दै परियोजना........................................22
डेस्क बेन्च सहयोगले बसाई व्यवस्थापन परीक्षा दिन सहज........................................25
सेनिटरी प्याडले ल्यायो जीवनमा खुशीयाली ........................................26
**बाल बिबाह मुक्त साहुवाडा टोल** ........................................ 29
School Focused on Instructional Activity Through SMART Classroom ............................ 31
Came Happy Again on the Dull Face........................................ 33
Small Support Made the life Safe ........................................ 35
Some Captures by Media ........................................ 36

## फर्निचर सहयोगले दीगो रुपमा बसाई व्यवस्थापनमा सहयोग

**परिचय**



वाजुरा जिल्ला खप्तड छेडेदह गाउँपालिकाका वडा नं. ७ बोडाबाडामा रहेको मष्टा आधारभुत विद्यालयमा जम्मा २२२ जना बालबालिका अध्ययन गरी रहेका छन् । यस विद्यालयमा ५ शिक्षक र ३ शिक्षाका गरी जम्मा ८ जनाले पढाइरहनु भएको छ । यस विद्यालयका प्रअ विर बहादुर कडायत हुनुहुन्छ । यस विद्यालयको हालको सिकाई उपलब्धि ६२ रहेको छ ।

**सहयोग पुर्वको अवस्था**

यस विद्यालयमा वसाई व्यवस्थापनमा निकै असहजना रहेको थियो । पर्याप्त फर्निचर वेन्च डेस्कको अभावले एउटै कक्षामा वेन्च डेस्क र कुर्सिहरु राखेर वसाई व्यवस्थापन गर्नुपर्ने बाद्यता रहेको थियो ।



**मष्टा आधारभुत विद्यालयमा फर्निचर सहयोग पुर्बका अवस्था २०७८ मा**

कम विद्यार्थि अध्यन गर्ने कक्षामा पनि बसाई व्यवस्थापन समान रुपमा सबै विद्यार्थिको लागि एउटै किसिमको रहेको थिएन । विद्यार्थिको चाप भएको कोठामा विद्यार्थिहरुले बेन्चमा मात्रै बस्नु परेका अवस्था थियो भने बेन्चको अवस्था पनि नाजुक रहेको थियो । भने सबै विद्यार्थिहरुलाई झोला राख्नको लागि डेस्क उपलब्ध थिएन भने डेस्कको तल पनि झोला राख्न र्‍याक थिएन । जसले विद्यार्थीहरुलाई लेख्न असजिलो हुने गर्दथ्यो । २०७८ को सुरुवातमा सहयोग पुर्व अवस्थामा यस विद्यालयमा विद्यार्थी

डेस्क बेन्चको अनुपात हेर्दा १४.५ रहेको थियो यसले स्पष्ट देखाउँछकी यस विद्यालयमा एउटै वेन्चमा १४ विद्यार्थी बस्नुपर्ने वा अन्य व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको थियो । यसै कारण यस विद्यालयमा वसाई व्यवस्थापन गर्न कुर्चि, प्ल्याक वा भुई बसाई गरी यस विद्यालयका विभिन्न कोठामा बसाई व्यवस्थापन गरीएको थियो । यसले शिक्षकहरुलाई विद्यार्थी समिप हुन तथा शिक्षण सिकाइमा असहजता समेत गरेको थियो ।

**हाम्रो सहयोग**

विद्यालयको अवस्था विष्लेषण गरी यस विद्यालयमा बसाई व्यवस्थापन बारे छलफल गरीएको थियो । जस अर्न्तगत कक्षा ३ सम्म फलोर सिटिङ्ग र कक्षा ४ देखि ८ सम्म फर्निचर सहयोग गरेर विद्यालयको वसाई व्यवस्थापन गर्ने छलफल अनुरुप विद्यालयलाई फर्निचर सहयोग गरिएको थियो ।



**सामुदायिक विकास परियोजना द्धारा विद्यालयलाई फर्निचर सहयोग**

पीसविन बाजुराको सहजिकरणमा २०७८ सालमा खप्तड छेडेदह गाउँपालिकाका दुई विद्यालय मष्टा आधारभुत विद्यालय र ब्रहमेश्वरी आधारभुत विद्यालयलाई फर्निचर २००३५३ बरावरको ३१ सेट फर्निचर डेस्क बेन्च सहयोग गरेको थियो । सहयोगले विद्यालयको बसाई व्यवस्थापनमा धेरै सहज पुगेको छ ।

**सहयोग पछिको अवस्था**

पीसविन बाजुराको सहजीकरणमा गुड नेवर्स इन्टरनेशनल नेपालको सहयोगमा यस विद्यालयमा वसाई व्यवस्थापनका लागि आवश्यक छलफल तथा व्यवस्थानपका लागि आवश्यक पर्ने फर्निचर सहयोग गरीसके पछी यस विद्यालयको वसाई व्यवस्थापनमा दीगो रुपमा सुधार भएको छ । पर्याप्त फर्निचर वेन्च डेस्कको अभावले एउटै कक्षामा वेन्च डेस्क ६ देखि ७ जना बस्नु पर्ने वा कुर्चिहरु राखेर वसाई व्यवस्थापन गर्नुपर्ने बाद्यता सदाको लागि हटेको छ । डेस्क बेच्न प्रयोग गर्ने सबै विद्यार्थीहरुलाई झोला राख्नको लागि आवश्यक ठाउँ सहितको डेस्क उपलब्ध हुदा शिक्षण शिकाईमा समेत सहजता भएको छ भने विद्यार्थिहरुलाई लेख्न असजिलो हुने गरेका छ । २०७९ मा आउदा यस विद्यालयमा विद्यार्थि डेस्क बेन्चको अनुपात समेत घटेर ४.७ रहेको छ भने यसले विद्यार्थीको वसाई व्यवस्थापनमा

समेत सुधार भएको देखाउछ। किनकी कक्षा ३ सम्म बसाई व्यवस्थापन फलोर सिटिङ्ग गरीएको र कक्षा ४ देखी ८ सम्मको लागि पर्याप्त फर्निचर विद्यालयले पाएको हुंदा एउटा वेन्चमा ४ विद्यार्थी भन्न बढी कहिले पनि बस्नु परेको छैन। यस विद्यालयका प्रअ विर बहादुर रावतले भन्नुहुन्छ "झोला राख्ने सुविधा सहितको बेन्च डेस्क बिद्यार्थिहरुे प्रयोग गर्न पाउदा विद्यार्थिहरु खुसि देखिएका छन् । शिक्षण शिकाइ क्रियाकलापमा पनि सबै विद्यार्थिहरु नजिक हुन सकिने र सबैलाई आवश्यक सहयोग गर्न सकिने अवस्था यस बसाई व्यवस्थापनले सिर्जना गरेको छ । यसरी बसाई व्यवस्थापनमा सहयोग गरेकोमा पीसवन र गुड नेवर्स दुबै संस्थालाई धन्यबाद छ।"



**फर्निचर सहयोग पछी २०७९ मा वसाई व्यवस्थपानको अवस्था**

यसरी फर्निचर अभावका कारण यस विद्यालयमा वसाई व्यवस्थापन कै लागि कुर्चि, प्ल्याक जस्ता वसाई व्यवस्थापन सामाग्रिहरु प्रयोग गर्नुपर्ने बाध्यता हटेको छ भने सबै बालबालिकाहरुले एउटै बसाई व्यवस्थापनका बातावरण पाएका छन् जसले वालवालिकाको पढाईमा सहजता पाईन्छ । कक्षाकोठामा फर्निचर पुग्ने गरी भएको अवस्था हुंदा वालवालिकालाई वसाईमा खुसि भएका छन् । कक्षा कोठामा सहजै वालवालिका सहजै वस्न रुचाएका छन् ।

## कक्षा कोठा व्यवस्थापन र शिक्षण प्रभावकारी बन्दै

राम्रो पढाई राम्रो सिकाई परियोजना मार्फत शिक्षकहरुलाई विभिन्न तालिमहरु  पठन सीप विकास तालिम, सामाग्री निर्माण तथा प्रयोग तालिम, कक्षाकोठा व्यवस्थापन तालिमहरुसँगै कक्षा कोठा व्यवस्थापन सामाग्री तथा शिक्षण सामाग्रीहरु विद्यालयलाई हस्तान्तरण गरिएको थियो । यसरी हस्तान्तरण गरीएका सामाग्रीहरु कक्षा कोठामा प्रयोगमा आउँदा सिकाई प्रभावकारी बन्दै गइरहेको छ । गुड नेवर्स इन्टरनेशनल नेपालको सहयोग र विद्यालयको आप्नै सक्रियतामा विभिन्न कक्षाकोठा छापामय बन्दै गइरहेका छन । कक्षाकोठामा बास्तविक सामाग्रीहरु, ठुला ठुला तथा रंगिन अक्षर, चित्रपत्ति , शव्दपत्ति बाक्यपत्तिहरु तथा फल्यास चार्टहरुको सजावटले कक्षाकोठा आकर्षक देखिएका छन् जसमा शिक्षकले बालबालिकाहरुलाई सिकाउन सहजता भएको छ । छापामय कक्षाकोठा निर्माणसँगै विद्याथीहरु कक्षामा रमाउनुका साथै सिकाईमा जिग्यासु भएका छन् । शिक्षक कक्षामा उपस्थित नहुदा कक्षाको छेउमा रहेको बुक र्‍याकबाट खालि पिरियडमा बालबालिकाहरुले कथा तथा कविताका किताबहरु पढ्ने गरेका छन भनेर सायल आधारभुत विद्यालयकी प्रअ रत्ना कुमारी थापाले भन्नुहुन्छ । उहाले थप्नुहुन्छ सानो कक्षामा हामिले बनाएका विषय चार्ट, हेगीन कार्ड जस्ता सामाग्रीहरु एक दुई दिनमै बालबालिकाहरुले च्याते पछी हामिले फल्यासमा छपाएर भएपनी कक्षाकोठामा राखेका छौ जसले गर्दा कक्षाकोठा छापामय बनेका छन् यसको प्रभाव शिक्षण सिकाईमा समेत पर्न गएको छ यति मात्र होइन हामिले कक्षाकोठामा विद्यार्थिको सिकाई अभिलेख तालिका पनि निमार्ण गरेका छौ जसले गर्दा प्रत्येक बालबलिकाहरुको सिकाइको स्तर कहाँ हुनुपर्ने हो र कहाँ छ भनेर कक्षा कोठामा राखिएको सिकाई अभिलेख तालिका बाट जान्न सकिन्छ । विभिन्न सहयोगी निकाय र आफ्नो कर्मका आधारमा परिणाम पनि विस्तारै सुधार गर्दै गईरहेको देखिन्छ । सिकाई उपलब्धि २०७७ मा ५५.७६ बाट २०७८



*महेन्द्र आधारभुत विद्यालयमा कक्षामा बालबालिका*

मा आएर ५७.९१ मा बृद्धि गर्न सफल भएका छौ यो सबै शिक्षकहरुले पाएको तालिम, तालिमको प्रयोग सहयोग गरिएको र विद्यालयले निर्माण गरेका सामागि्रहरुको प्रयोगको परिणाम हो भनेर सायल आधारभुत विद्यालयक प्रअ रत्ना कुमारी थापाले भन्नुहुन्छ ।




महेन्द्र आधारभुत विद्यालयका प्रअ भवानी भवानी प्रसाद रेग्मी भन्नुहुन्छ हामिले कक्षाकोठामा तपाईहरुको सहयोगले कार्पेट, पी फर्म र पढ्ने टेबलका साथै कक्षामा पढाइकुना निर्माण गरेका छौ भने सहयोग गरीएको सामाग्रिका अतिरिक्त आफैले पनि सामाग्री निर्माण गरेका छौ जसले गर्दा बालालिकालाई पठन पाठन क्रियाकलापमा सहयोग पुगेको छ । बाल बालिकाहरुले शिक्षक कक्षाकोठामा नहुदा पनि कथाका किताबहरु आफै पढ्ने गरेको छन् । शिक्षकको सहयोगमा बालबालिकाहरु अक्षर चिनारी, शब्द चिनारी चित्र चिनारी खेलहरु पनि खेल्ने गरेका छन् जसले सबै बालबालिकालाई सिकाइमा उत्पेरीत गर्न मद्यत पुगेको देखिन्छ । कथाका किताबहरु सहितको बुक कर्नरले शैक्षिक क्रियाकलापमा थप सहयोग पुयाएको छ । कक्षाकोठा आर्कषण देखिनुका साथै शिक्षक नभएको बेला बालबालिकाहरुले पढाई कुनामा भएका किताबहरु आफै पढ्ने गरेका छन भने सक्रबारको दिन कथाका किताबहरु घरमा लिएर पनि बालबालिकाहरुले पढ्ने गरेका छन् ।

*विद्यालयमा टिफन समयमा शिक्षक सामाग्रि निर्माण गर्दै*

महेन्द्र आधारभुत विद्यालयक शिक्षिका उमा कटुवाल भन्नुहुन्छ सुरुको बर्षमा सहयोग गरीएको शिक्षण सामागि्रहरु झ्ल्याले पत्ति, पिन विल चार्टको माध्यामले मात्रा लागेका शब्द तथा अक्षर सिकाउन सजिलो भएको थियो । शब्द र वर्ण पत्तिको सहायताले वर्ण र शब्द चिनारी गराउन सहजता भएको थियो । अहिल यस्ता सामगि्रहरु पुरानो भइसकेका छन । सुरुका बर्षमा सहयोग गरिएका सामागि्रहरु जस्तै सामागि्रहरु सहयोग गर्दा हामिलाई सहयोग हुने गरेको छ । फल्यासमा छापिएका सामागि्रहरु टिकाउ हुने गरेकाले यस्ता सामाग्रीहरु सहयोग गर्दा अझ प्रभावकारी हुने र टिकाउ हुने देखिन्छ । हामिले यो बर्ष मात्रै धेरै सामागि्रहरु मेटाकार्ड र ड्रोइङ्ग पेपरबाट बनायौ । ति सामागि्रहरुले पनि बालबलिकाहरुलाई सिक्न र सिकाउन मद्दत पुगेको छ । `




*कक्षाकोठामा बालबालिका र शिक्षक*

तर एक हप्ता नपुग्दै

धेरै सामाग्रीहरु च्यातिएकोले फेरी पुरानै अवस्थामा कक्षाकोठा परिणत हुने अवस्था आउदै छ त्यसैले फल्यासमा निर्माण गरिएको विषय चार्ट, तथा अन्य सामाग्री हुँदा टिकाउ सँगै बर्ष भरी प्रयोग गर्न मिल्ने अवस्था हुन्थ्यो । जसका लागि सहयोगी निकायलाई हामी अनुरोध पनि गर्दछौं । उहाले थप्नुहुन्छ कक्षाकोठामा बालबालिकाको समुह बनाई कक्षा कार्यमा पनि प्रतिस्पर्धा गराउँदा कथा बाचन प्रतियोगिता गराउँदा विद्यार्थीहरु सक्रिय रुपमा उत्साहित भई सहभागी हुने गरेका छन । जसले रमाईलोमा नै बालबालिकाले धेरै कुरा सिक्ने गरेका छन । भने बालबालिकाहरु आपसमा खुलेर कुराकानी गर्ने सिक्ने, सिकाउने, छलफल गर्ने वातावरण तयार भएको छ । यस्ता तालिम तथा क्रियाकलाप गर्नमा गुड नेवर्सले सहयोग गर्नेछ भन्ने अपेक्षा पनि उहाले राख्नुभएको छ ।

## घरमा अभिभावकहरु बालाबमलिकाहरु प्रति जिम्मेवार बन्दै

गुड नेवर्स इन्टरनेशनल नेपाल र पीसविन बाजुराको निरन्तर सहजीकरण र अभिभावक संचेतना कार्यक्रम पश्चात अभिभावकहरु सचेत बन्दै गएको छन भने अभिभावकहरुले घरमा आफ्ना बालबालिकाको निम्ति सिक्ने सिकाउने बातावरण तयार गर्दै गइरहेका छन । बालबालिकाहरुको पहिलो शिक्षक अभिभावक हो । अभिभावकहरुलाई अभिभावकको कर्तव्य बोध हुन जरुरी छ । बाजुरा जिल्लाको बुढीगंगा नगरपालिकाका कतिपय । अभिभावकहरु सामान्य साक्षर मात्र छन् जसलाई अभिभाकको कर्तव्य पुर्ण रुपमा थाहा नभएको देखिन्थ्यो । अभिभावकहरुलाई तिनिहरुको कर्तव्य प्रति जागरुक गराई बाबु, नानिहरुको शैक्षिक प्रगती स्वास्थ्य तथा सरसफाई र समग्र विकासमा ध्यान दिने बनाउनको लागि अभिभावक शिक्षा आवश्यक परेको हो । जुन अभिभावक शिक्षा तथा अभिभावक संचेतना कार्यक्रमहरु समुदायमा संञ्चालनमा ल्याईएको थिए ।

अभिभावक शिक्षा सञ्चालन गर्दै गरेको फोटो



अभिभावक कक्षा संञ्चालन पछि अभिभावक आफै उत्प्रेरित भएर घरमा आफ्ना बालबालिकाहरुलाई समय दिन थालेका छन् । आफ्ना साना बालबालकाहरुलाई पढाउने, बालबालिकाहरुलाई दन्त्य कथा सुनाउने बालबालिकाहरुबाट कथा तथा अन्य कुराहरु सिक्ने गरेका छन् । आफ्ना बालबालिकाहरु विद्यालय पछि घरमा पढाईलाई निरन्तर दिन्छन् कि दिदैनन् पढ्छन् कि पढ्दैनन्, उनीहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु छन् कि छैनन् आदि विषयमा स्वयम् अभिभावकहरुले नै ख्याल गर्ने गरेका छन् । अभिभावकहरुले

अबिभाबक शिक्षा कार्यक्रम चलायर अभिभावक प्रभाबित भयर पढाइको लागि र्‍याक बनाउदै/ लिदै। ।



घरमा पढाई कुना निर्माण गरेर बालबालिकाको पढ्ने समय  तयार गरी सहयोग गर्ने गरेको छन् । घरमा पनि अभिभावकहरुले पढाइ कुनामा बालाबालिकाहरुका निम्ति लेटर चार्ट, अंक चार्ट, विषय चार्ट बनाई टाँसी दिएका छन भने बालालिकाहरुलाई किताब पढ्ने सामाग्रिहरु राख्नको निम्ति र्‍याक तयार गरी पढाई कुनालाई व्यवस्थित गरीदिएके छन् । बुढीगंगा नगरपालिका वडा नं ४ बस्ते पवित्रा शागर भन्नुहुन्छ मैल मेरो जिम्मेवारी राम्ररी बुझे, कम्तिमा दिनको १ घण्टा अनिवार्य रुपमा छोरीलाई पढाउन गृहकार्य गरे नगरेको चेक गर्ने सिकाउने र छोरीले सिकेका कुरा मलाई भन्न लाउने गरेकी छु । म चाहन्छु छोरी जान्ने होस ।

अर्को  अभिभावक प्रेम जला रोकाया भन्नुहुन्छ मैले छोराछोरीका किताव राख्नको लागि र्‍याक तयार गरिदिएकी छु । बालबालिकाहरुलाई कथा मैले जानेको कथा सुनाउछु भने छोराले पनि स्कुलमा पढाएका कथा मलाइ सुनाउनेगरेको छ । म गृहकार्य गर्न उसलाई सधै सम्झाउछु ।

यसरी बालबालिकाको निम्ती सिक्ने सिकाउने वातावरणको सिर्जना हुदै गईरहेको छ ।

घरमा पढाइकुना निर्माण पछी बालबालिका पढ्दै अभिभावकले सहयोग गर्दै गरेको फोटो



बालबालिकाहरुको पठन सीप विकास र समग्र शैक्षिक विकासको लागि ६७ परीवारले आप्नै लगानीमा घरमा पढाईकुना निर्माण गरेका छन् । घरमा पढाइकुना निर्माणले

बालबालिकाहरुले घरमा पढाईकुनामा राखिएको कितावहरु पढ्ने गरेका छन् । हरेक घरमा पढाई स्थानको व्यवस्थापन र निर्माण पछी बालबालिकाहरुले गृहकार्य पढाई कुना नजिक गएर गर्ने गरेका छन् । भने आफुले तयार गरेका सामग्रीहरु पढाइकुनामा राख्ने गरेका छन जसले साना बालबालिकाहरुलाई ठुला बालबालिकाहरुले घरमै सिक्ने सिकाउने कार्यमा सहयोग गर्ने गरेका छन् । अभिभावकहरुले बालबालिकाहरुको व्यक्तिगत सरसफाईमा तथा सिकाई विकासमा समय दिने गरेको तथा ध्यान दिने गरेका छन् । अभिभावकहरु बालबालिकाहरुको विद्यालयमा गएर बाबु नानीहरु सहभागि हुने कार्यक्रममा उपस्थिति भई अवलोकन गर्ने गरेका छन् । जसले जिम्मेवार

अभिभावकत्व निर्वाह गरेको देखिन्छ । टोलहरुमा अभिभावकहरु मिलेर बालाबालिकाहरुको विकास केन्द्रित तथा बालबालिकाहरुलाई उत्प्रेरणा मिल्ने कथा बाचन कार्यक्रम, कविता बाचन कार्यक्रम जस्ता कार्यक्रम पनि गर्ने योजनामा अभिभावकहरु रहेका छन् । जसले बालबालिकाहरुको पठन सीप विकासमा सहयोग गर्ने छ भने पठन सीप विकास पछि बालबालिकाहरुको शैक्षिक उपलब्धिमा समेत सहयोग पुग्ने देखिन्छ ।

## पढाई सीप सँगै वाचन सीप पनि प्रभावकारी बन्दै

राम्रो पढाई राम्रो सिकाई परियोजना बुढीगंगा नगरपालिकाको १२ ओटा विद्यालयमा संञ्चालनमा आईरहेको छ । यसले बालबालिकाको पढाई स्तर सुधार गदै बालबालिका र विद्यालयको सिकाई उपलब्धि बढाउन मद्दत गदै आईरहेको छ । विद्यालयमा बालबालिकाको लागि अनुकुल र सिकाई युक्त वातावरणको सिर्जना गर्ने तथा बालबालिका मैत्री छापामय बातावरणको माध्यामले बालालिकालाई कक्षाकोठामा आकर्षित यस कार्यक्रमले गरिरहेको छ । कक्षाको छेउमै पढाईकुना अर्थात प्रर्याप्त कथा तथा कविताका किताबहरु र आवश्यक शैक्षिक सामाग्रिहरु राखिएको छन । जसले बालबालिकाको लागि आवश्यक पर्ने र शिक्षकले कक्षाकोठामा प्रयोगमा ल्याउन सक्ने शिक्षण रणनिति तथा विधिहरुको लागि प्रयाप्त सामाग्रीहरु विद्यालयलाई सहयोग गरिएको छ । विद्यालय मात्र सिकाई मैत्री भएर हुदैन विद्यालय सँगै घरमा पनि बालबालिकाको लागि सिक्नको लागि बातावरण अनुकुल हुनु पर्दछ । बालबालिकाको निम्ति घरमा पनि सिक्नको निम्ति सहज वातावरण बनाउनको निम्ति अभिभावकलाई अभिभावक शिक्षा यस कार्यक्रम मार्फत दिइएको छ भने शिक्षकहरुलाई तालिम अभिमुखिकरण तथा शिक्षकहरुसँग छलफल यस कार्यक्रम मार्फत नियमित रुपमा भइरहेको छन् ।



*कक्षा कोठामा नानीले कथा सुनाउदै*

यसरी नियमित रुपमा भइरहेका कार्यक्रमको प्रभाव अहिले देखिन थालेको छ । नियमित विद्यालयमा प्रत्येक हप्ताको एक दिन कथा वाचन वा कविता वाचन प्रतियोगिता हुन्छ यसले बालबालिकाको बाचन शैली विकास भएको देखिन्छ । एक दुईकक्षामा पढ्ने बालबालिकाहरु पनि सबैको सामु कथा भन्न र सबैलाई कथा सुनाउन` सक्षम भएको छन् । सायल आधारभुत विद्यालयकी प्रअ रत्ना थापा भन्छन् बालबालिकाहरुले कथा भन्न अझ भन्दा कक्षामा कथा म भन्छु भनेर प्रतिस्पर्धा हुने गरेको छ । भने बालबालिकाहरुले कक्षाको कुनामा राखेका बुक र्यामा रहेका कथाका किताबहरु, कविताका किताबहरु पढ्ने बानिको विकास पनि भएको छ भनेर भन्नुहुन्छ । कथा वाचनमा बुक र्याकमा भएका किताबहरुमा रहेका कथाहरु बालबालिकाहरुले कक्षामा वाचन गर्ने गरेका छन जसले गर्दा बालावालिकाहरुको वाचन गर्ने क्षमता बढ्दै गएको छ । कथा बाचन सँगै कथामा भएको सन्देसले बालबालिकाहरुले धेरै कुरा सिकेका पनि छन् । कथा बाचन प्रतियोगिता नै विद्यालयमा हुने गरेको र

कथा बाचन प्रतियोगितामा बालबाीलकाहरुले पुरस्कृत हुदा कथा कविताका कितावहरु पढ्ने बानि बालबालिकामा बढ्दै गइरहेको जसले सिकाइमा सहजता हुनेबारे थुमा माध्यामिक विद्यालयक शिक्षिका ज्ञानु जोशी बताउनुहुन्छ । मोबाईल तथा इलेक्ट्रोनिक डिभाइसमा बालबालिकाको ध्यान गइरहेका बेला बालाबलिकाहरु कथाका कितावहरु पढ्ने गरेकोले अभिभावकहरु पनि खुसी भएको छन् । बालबालिकाहरुले अभिभावकहरुलाई पनि कथा सुनाउने गरेको भेटिएको छ । जसले गर्दा अभिभावकहरु पनि आफ्ना बालबालिकाहरु प्रति प्रभावित हुने गरेका छन ।



*कथा बाचन पछी नानी कक्षाकोठामा सम्मानित हुदै*

अभिभावकले पनि बालबालिकाहरुलाई दन्त्य कथाहरु सुनाउने गरेका छन भने सुनेका कथाहरु पनि बालबालिकाहरुले कक्षाकोठा तथा कथा वाचन प्रतियोगितामा सुनाउने गरेका छन् । जसले बालबलिकाहरुको सुनाइ र बाचन सीपमा सहयोग पुगेको छ । कथाहरु सुनादै किताब कुनामा भएका कथाका किताबमा भएका कथाहरु आफुले वाचन गरेर सुनादै कथाको सार प्रष्ट पारिन्छ । विद्यार्थीहरुमा रुचि जगाएर हरु कथाका कितावहरु कक्षा कोठामा पढ्न लगाईन्छ । कथाहरु विद्यार्थी पनि आफ्नो घर बाट सिकेर ल्याएका कथा आफ्ना साथीहरुलाई सुनाउन् गरेका छन् । यसले गर्दा विद्यार्थीमा आत्म बलमा बृद्दि हुनका साथै उनिहरुमा बोलाई सीपको पनि विकास भएको छ ।

बालबालिकाहरुको कथा भन्न सक्ने तथा कथा पढ्ने बानिको विकासले पढाईका अतिरिक्त कथा तथा कविता बाचन क्षमताको विकास, र कक्षाकोठामा राखिएको बुक र्‍याकले गरेको छ । कथा वाचन तथा कविता बाचन पढाइ सँगै निरन्तरता दिनु बालबालिकाको पठन सीप विकास र वाचन सीप विकासकालागि भविष्यमा समेत अति आवश्यक रहेको छ । प्र.अ.रत्ना थापा भन्नु हुन्छ अझ यसलाई वडा स्तरमा प्रतियोगिता गराउदा प्रभावकारी हुन्छ ।

## अभिभाक विहिनको अभिभाक जिएन आई बन्दै गर्दा बालकले व्यक्तित्व विकास गदै

**परिचय**

कमल उखेडा बुढीगंगा नगरपालिका वडा नं ४मा बसोबास गर्नुहुन्छ । उहँको जन्म ५ जनवरी २००९ मा भएको हो । उहाँ लगायत ४ जना भाई बहिनी मध्ये उनका दाई हिमाल उखेडा, भाई सुभास उखेडा, दिदि तुलसा उखेडा र उहाँ कमल उखेडा । उहाँको घरमा बजै र आमा पनि हुनुहुन्छ । उहाँको बजैको नाम गंगा उखेडा हो । आमाको नाम कला देवि उखेडा हो । उहाँ लगायत उहाँको दाई र भाईहरु बजै र आमासँग बस्नुहुन्छ । उनको बुबाको मिति २०७८ भदौ २० गते भिरवाटलडेर मृत्यु भएको थियो । कमल उखेडा हाल राजेन्द्र आधारभुत बिद्यालयमा कक्षा ८ मा पढ्नुहुन्छ । उनको मन पर्ने खाना दाल र भात हो भने विद्यालय पोशाक नै सबैभन्दा मन पर्छ । सेतो कलर मन पर्छ । जनावरहरुमा गाई र पंक्षीहरुमा डाँफे मन पर्छ । उहाँलाई अतिरिक्त क्रियाकलापहरुमा रुची रहेको छ । चित्रकला वक्तित्वकला, भलिबल जस्ता अतिरिक्त क्रियाकलापहरुमा पनि उनको धेरै रुचि रहेको छ । नाच्न पनि मन पराउने कमल रोकायालाई बैठक सभा सम्मेलनमा सहभगि हुने तथा आफ्ना प्रतिभाहरु देखाउने कार्य गरिरहनु हुन्छ र मन पराउनु हुन्छ । यसका अतिरिक्त दुखी गरिवहरुलाई सहयोग गर्ने बानी उहाँको रहेको छ । उनको परिवारको मुख्य पेशा कृषि हो । भने एउटा भैसी र एउटा गोरु पनि उनको परिवारले पालिरहनुभएको छ ।



**सहयोग अगाडीको अवस्था विश्लेषण**

ठुलो परिवार, त्यसमा पनि गरिवीले सताएको परिवार भएको कारण सबै छोराछोरीलाई स्टेशनरी र विद्यालय पोशाक पुर्‍याउन सारै गाह्रो हुन्थ्यो । खानकै लागि दैनिक ज्याला मजदुरी गर्नु पर्थ्यो । मुख्य पेशाा कृषि भएपनि कृषिबाट प्राप्त भएको खाद्यान्नले बर्षका दुई महिनामात्र खान पुग्दथ्यो । उनको आमा कला देबी उखेडा भन्नुहुन्छ । “हामी गाउँमा अरु भन्दा गरिब हौ । परिवार पनि ठुलो भएको कारण खेतिबाट आएको २ महिना पन पुग्दैन का बाट सबैलाई नौला लुगा हुनु का बाट सबैलाई नौला स्कुल ड्रेस हुनु । जेठाको माइलो, माइलाको कान्छाले दिएर स्कुल ड्रेस टार्‌थ्यौ ।” कमल उखेडा भन्छन् मैले दाइले छोडेको लगाएर स्कुल जान पर्थ्यो । झोला पनि नयाँ हुदैन थ्यो । फाटो झोला लिएर जान पर्थ्यो साह्रै नरमाईलो लाग्थ्यो । अरु साथीहरुका नयाँ झोला र ड्रेस देख्दा लोभ लाग्थ्यो । मेरो पनि हुन पाए साचिन्थ्यो ।” परिवार र निज कमल उदेडा सँगको कुराकानीमा उनले भोगेको समस्यालाई राम्ररी देख्न सकिन्छ । निजको परिवारमा खानकै लागि कमाएको सबै खर्च गर्न हुने कापी कलम र विद्यालय पोशाक जुगार गरेरै व्यवस्थापन गर्दथे । नयाँ लुगा लगाउनको लागि दशै तिहार नै कुर्न पर्ने रहेछ ।

### ३. सहयोग

खान लाउनकै लागि संघर्ष गरिरहेको परिवारमा हुर्की रहेको बालक कमल रोकायालाइ केही राहत दिन तथा उसको जीवन उज्वल बनाउन गुड नेवर्स इन्टरनेशनल नेपालको स्पोनसरसिप कार्यक्रममा बाजुरामा गुड नेवर्स लागु भए देखि नै जोडेर सहयोग गरीरहेकोले ठुलो राहत पुगेको छ । गुड नेवर्स इन्टरनेशनल नेपालको सहयोगमा सञ्चालित सामुदायिक विकास परियोजना मार्फत उनलाई बार्षिक रुपमा आवश्यक स्टेशनरी तथा विद्यालय पोशाक सहयोग भईरहेको छ । गुड नेवर्स इन्टरनेशनल नेपालले पीसविन मार्फत बार्षिक घर भेटघाटमा उनलाई परामर्श र उनको परिवारलाई पारिवारिक परामर्श पनि प्रदान बार्षिक रुपमा प्रदान गरीरहेको छ । पीसविनले बार्षिक रुममा स्वास्थ्य चेक जाँचमा सहयोग सहजिकरण गरिरहेको छ भने स्वास्थ्य उपचारका लागि आवश्यक सहयोग पनि गरिरहेको छ । बेला बेलामा कमल रोकायाको स्पोन्सर बाट आउने गिप्टले बाबुले स्कुल ड्रेसबाहेकका उनको मन पर्ने लुगा तथा खाद्यान्न किन्न पाउँदा परिवारका अन्य सदस्यालाई समेत यसले सहजता गरेको छ ।



### सहयोग पछि

गुड नेवर्स इन्टरनेशनल नेपालबाट बालकलाई बार्षिक रुपमा आवश्यक स्टेशनरी तथा विद्यालय पोशाक सहयोग तथा स्पोन्सरबाट प्राप्त गिप्ट हस्तान्तरणले परिवारमा गुजारा लगायत बालबालिकाहरुलाई चाहिने स्टेशनरी व्यवस्थापनमा सहयोग पुगेको छ ।

ठुलो परिवार त्यसमा पनि ४ जनालाई पढाउनु पर्ने जिम्मेबारी भएकोलेल १ जनालाई गुड नेवर्स इन्टरनेशनल नेपालले निरन्तर सहयोग गरिरहेकोले निजको बुबाको मृत्यु पछि पनि आमालाइ जिम्मेबारी बहन गर्न सहज पुगेको छ । उनकी आमाले भन्नुहुन्छ “यहिका बुबाको मृत्यु पछी त आमा भया पनि जि एल आइ छ बुबा भया पनि जि एल आइ छ । मलाई धेरै राहत भएको छ ।” उनकी आमाका अनुसार सहयोग दाता उसको अभिभावक नै भएको जानकारी दिइन् । एक जनाको लागि प्रयाप्त स्टेशनरी देखि विद्यालय पोशाक र स्वास्थ्य उपचारमा समेत सहयोग गरेकोले निजकी आमालाई बुबा नहुँदा पनि सहजता भएको छ । जुन कमल उखेडालाई आवश्यक प्रयाप्त स्टेशनरी र विद्यालय पोशाक सहयोग भएको छ जसले गर्दा निज कमल उखेडाले सधै विद्यालय पोशाकमा विद्यालय जान पाएका छन । नयाँ झोला, नयाँ जुत्ता र विभिन्न कापीहरु व्यवस्थापन गर्न पाएका छन् । उनिहरु अहिले साथै खुसी रहेका छन् । विद्यालयबाट दिइएका गृहकार्यहरु पनि नियमित गर्ने गरेका छन् । निजको परिवारमा खानकै लागि कमाएको सबै खर्च गर्न हुने अवस्थामा कहिले काहि स्पोन्सरले पठाएको गिप्टको पैसाले खाद्यान्न समेत किन्न पाउदा उनको परिवारमा उनि लगायत उनको आमालाई धेरे सहयोग पुगेको छ । गिप्ट पनि आइरहने हुनाले नयाँ लुगा लगाउनको लागि दशै तिहार नै कुर्न पर्ने अवस्था छैन । निरन्तर



घर भेटघाट र परामर्शले कमल उखेडा पढाइमा पनि अब्बल बन्दै गइरहेका छन भने अतिरिक्त क्रियाकालपमा पनि रामै छन । चित्रकला प्रतियोगितामा पनि जित हासिल गर्ने र बक्तित्व कला तथा कबिता प्रतियोगितामा पनि जित हासिल गर्ने गरेका छन भने यो पक्ष पहिला भन्दा राम्रो हुदै गइरहेको छ । निज बालक भन्छन अभिभाक जस्तै पढ्न सहयोग गरीरहेका जि एन आई हुँदा मलाई कुनै तनाव हुदैन म ढुक्कले आप्नो प्रतिभा प्रस्फुटन गर्न मन लाग्छ ।"
बाबुले अतिरीक्त क्रियाकलापहरु सँगै घरयासी काममा पनि आमालाई सघाउदै गर्दा धेरै सीपहरु सिकी सकेका छन्

## करीस्मा विक र उनको परीवारको फेरीएको जीवन कथा

### परिचय



बाजुरा जिल्लाको खप्तड छेडेदह गाउँपालिका वडा नं. १ वडामा जन्मिएकी एउटा किशोरी हुन १७ बर्षकी करीस्मा विक । हाम्रो स्पोन्सर बालिका करीस्मा विक आमा धोर्मी विक र बुबा अफी विककी माइली छोरी हुन् । उनि हाल काडा भवानी माध्यामिक विद्यालयमा कक्षा ११ मा अध्यनरत छिन । उनको घरमा उनि लगायत ५ जना बस्ने गरेको छ । करिसमा विकले बाजुरामा स्पोन्सरसिप कार्यक्रम लागु भएको बर्ष देखि नै सहयोग पाउदै आइरहेकी छन् । यिनको घरमा २ भाइविनाहरु १ भाइ र १ दाइ रहेका छन् । दलित गरीव परीवारमा जन्मिएको यिनले विभिन्न अप्ठ्याराहरु झेल्दै कक्षा ११ सम्म आइपुगेकी छिन् । उनका आमा बुबाको मुख्य पेशा कृर्षी भएता पनि कृर्षी बाट मात्रै परीवार धान्न नसकिने हुनाले आरनको काम पनि गर्दछन् ।

### पहिलेको अवस्था



करिस्मा विक गरीब परीवारमा जन्मिएको कारणले विभिन्न समस्याहरु झेल्दै आएकी थिइन् । विद्यालय जाने करीस्माको मन हुदा हुदै पनि कापी कलम प्रसस्तै नहुदा र राम्रो लुगा नहुदा विद्यालय जान मन नलाग्ने गरेको बारे करिस्मा विकले बताउन्छिन् । अशिक्षा र उनका पारिवारीक बाध्यताका कारण उनको परीवारमा पनि उनको दाइ र उनिमा विभेद हुने गरेको थियो । उनको दाइले छोडेको कापी पेन्सिल र झोला उनले प्रयोग गर्नु पर्दथ्यो । करीस्मा भन्छिन "मैले सधै दाइले छोडेको झोला लिनु पर्दथ्यो मलाई नयाँ झोला हुदैनथ्यो । मनै देखि नराम्रो लाग्दथ्यो ।" उनको आमा बुवालाई खेतीपातिबाट आएको र आरन चलाएर आएको अन्नले उनको परीवारका सबै सदस्यलाई खान लाउन मात्रै पुग्दथ्यो ।कापी कलम र विद्यालय पोशाक र अन्य पोशाकका जोह गर्न उनको बुबालाई अप्ठ्यारो हुने गरेको

थियो । यसरी उनलाई कापी कलम नै नहुदा पढाइमा र विषय अनुसारका नोट कपी र कापी र कलम अभाबकै कारण गृहकार्य गर्न पनि नसकिएको बारे उनि करिस्मा विक बताउन्छिन । उनको परीवारमा स्वास्थ्य उपचार लगायत भवितव्यमा आवश्यक पनि बचतको अवस्था थिएन । कमाएको जती सबै खान लाउन र बचेका अलिकती भएपनि पढाइमा नै ठिक्क हुन्थ्यो ।

## गुड नेवर्स इन्टरनेशनल नेपालको क्रियाशिलता



गुड नेवर्स इन्टरनेशनल नेपालले करीस्मा विकलाई स्पोन्सरसिप कार्यक्रममा जोड्यो र बार्षिक रुपमा शैक्षिक सामागी्र तथा विद्यालय पोशाक वितरण गरीरहेको छ । करीस्मा विक बाल क्लवमा पनि आबद्ध भएको हुदा नेतृत्व विकासका विभिन्न तालिमहरु पनि प्राप्त गरेकी छिन् । महिनाबारी स्वच्छता बाल विबाह न्युनिकरण सम्बन्धि तालिम लगायत सडक नाटक, जनचेतना मुलक र्‍यालि,अतिरिक्त क्रियाकलापमा पनि सहभागि हुने अवसर गुड नेवर्स इन्टरनेशनल नेपाल र पीसविनले प्रदान गरेको थियो । गुड नेवर्स इन्टरनेशनल नेपालले २०७७ मा रु १०००० बाखा पालनको लागि पनि गुड नेवर्स इन्टरनेशनल नेपालले सहयोग गरेको थियो । उनको परीवारका आमा बुबालाइ सहकारीमा आवद्धताका फाइदा बारे पनि सचेतना पनि फैलाईएको थियो ।



## हालको अवस्था

करीस्मा विकलाई पढाई लेखाईमा सहजता प्रदान भएको छ । कापी कलमका अभाब टरेकोले निरन्तर पढाइमा सफलता प्राप्त गरेर हाल कक्षा ११ मा पढिरहेकी प्राप्त गरेकी थिइन् जसले उनमा उत्प्रेरण जागेको र बाल विवाह लगायतका बालबालिकाको पक्षमा बालक्वका अध्यक्ष भएर काम गरीरहेकी छिन् । समुदाय र विद्यालयमा महिनाबारी स्वच्छताबारे सचेतना फैलाउने काम पनि गर्ने गरेकी छन् जसले गर्दा उनिलाई सबैले चिनेको छ । हाल उनले आप्नो क्षमता विकास गर्दै किसोरीहरुलाई शनिबारे महिनाबारी स्वच्छताका कक्षाहहरु पनि संञ्चालन गरीरहेकी छिन् । उनको परीवारको आर्थिक स्थिति पनि राम्रो हुदै गईरहेको छ । उनको बाखा पालनको प्राप्त रकम ाट बाखा खरीद गरेर ४ वटा बाखाहरुबाट हाल १० ओटा बाखा भइसकेका छन् । २ ओटा बेचेर जम्मा १२००० आम्दानी पनि गरेकी छिन् । हाल उनको घरमा ८ ओटा बाखा अझ पनि रहेको छन् । हाल उनको आमा बुबालाई कापी, कलम कसरी व्यवस्थापन गर्ने



भन्ने झन्झट हुदैन । उनको परीवारले सहकारीमा मासिक रु १०० बचत पनि गर्ने गरेको छन् । करीस्मा विकको क्षमता अभिबृद्धि सँगै उनले बाल क्लवको अध्यक्ष भएर चलाएको अभियानबाट ६ जना दम्पतीसंगको बाल विवाह रोक्न समेत सफल भएकी छिन् । यसरी करीस्मा विक एक असल विद्यार्थि बाल अभियान्ता हुनमा गुड नेवर्स इन्टरनेशनल र पीसविन बाजुराको सामुदायिक विकास कार्यक्रमले क्षमता अभिबृद्धिमा सहयोग गरेको थियो । उनि विभिन्न खाले बाल अधिकार र बाल विवाह विरुद्धका अभियानमा जोडिन पाउदा खुसि समेत व्यक्त गरेकी थिईन् ।

## सौचालय निर्माणले सेवामा सहजता

### पृष्ठभुमी

वाजुरा जिल्ला वुढीगंगा नगरपालिका वडा नं: ९ मा विक्रम सम्वत २०२४ सालमा पञ्चायती व्यवस्था हँदा वाजुरा जिल्लावाट गृह मन्त्रि प्रकास वहादुर सिँह र भक्त वहादुर शाह प्रधान भई उहाँकै सक्रियतामा देवलसैन स्वास्थ्य चौकी स्थापना भएको हो । त्यो वेला पञ्चायती व्यवस्था हुदा वाह्रवीसमा दुई वटा पञ्चायत थिए ,जुन ठाडा गडा पञ्चायत र देवलसैन पञ्चायत भई यस स्वास्थ्य चौकीको नामकरण देवलसैन रहन गयो भन्नुहुन्छ हाल ८८ वर्षका उक्त समयका प्रधान भक्त वहादुर शाह । हाल १७१७ घरधुरी भएको साविक्को वाह्नवीस गाउँ विकास समिती वडा नं: ७, ८, ९ र १० को सेवा दिने संस्था हो । विभिन्न स्थानमा भवनको अभाव भई सार्नुपर्ने भई २०३७ सालमा २ कोठे तल माथिको भवन निर्माण गरीएको थियो । देवलसैन स्वास्थ्य चौकीमा ९ जनाको स्वास्थ्य व्यवस्थापन समिती र समितीको छ र उक्त वडा हाल वडा न. ९ मा पर्छ । यस स्वास्थ्य व्यवस्थापन समितीका अध्यक्ष भरत वहादुर थापा हुन् । उहा वडा नं: ९ का निर्वाचित वडा अध्यक्ष पनि हुन ।

### पहिलेको अवस्था



वुढीगंगा नगरपालिका वडा नं. ९ मा अवस्थित देवलसैन स्वास्थ्य चौकी साविकको वाह्वीस गाउँ विकासको सेवा गर्ने केन्द्र हो । स्वास्थ्य चौकीको भौतिक संरचना राम्रो नभएकोले शौचालय पनि कर्कट पाताको अस्थाई वनाइएको र सोही शौचालयमा स्वास्थ्य कर्मचारी बिरामी को प्रयोग गर्ने शौचालय भएकाले सेवामा ढिलाई बिरामीलाई पनि असहजता थियो । पानीको नियमित आपुर्ति पनि सौचालयमा थिएन जसले गर्दा शौचालयमा फोहोर हुने समस्या थियो । विरामिहरुलाई पनि असहजता, स्वास्थ्य कर्मचारीहरुलाई पनि असहजता, सुत्केरी महिलालाई पनि असहजताको अवस्था यस स्वास्थ्य चौकिमा सौचालयको अभावले सिर्जना भएको थियो । सौचालय भित्रै पानि नहुदा सुत्केरी महिलाहरुलाइ त झनै समस्या हुन्थ्यो ।

### हाम्रो मध्यस्थता तथा सहयोग

यस स्वास्थ्य चौकीको अवस्थालाई निरन्तर मध्यनजर गरी पीसविन बाजुराद्धारा सञ्चालित सामुदायिक बिकास परियोजना अर्न्तगत विभिन्न स्वास्थ्य क्रियाकलापहरु यस स्वास्थ्य संस्थामा संचालन गरिदै आए । यस स्वास्थ्य संस्थाको भौतिक संरचनाको अवस्था विष्लेषण गर्दा तथा अध्ययन गर्दा सौचालयको अभावले सेवा ग्राहि र स्वास्थ्य कर्मचारीमाा पर्न गएको असरलाई न्युनिकरण गर्न स्वास्थ व्यवस्थापन समितीको बैठकको बसाईयो । उक्त बैठकले सौचालयको असहजता कम गर्न पीसविन बाजुरालाई सहयोग माग गर्ने निर्णय गरेको थियो । उक्त निर्णय र माग बमोजिम गुड नेवर्स इन्टरनेशनल नेपालका आर्थिक सहयोगमा पीसविन बाजुराले सौचालय बनाउने निर्णय अनुसार उक्त ठाउमा सौचालय वनाउने निर्णय गरेको थियो । सरसफाईको अवस्था हेर्दा शौचालयको अवस्था अव्यबस्थित देख्दा स्वास्थ्य चौकी इन्चार्ज र तत्कालिन स्वास्थ्य व्यवस्थापन समिति अध्यक्ष तथा वडा अध्यक्षसंग शौचालयको समस्याका वारेमा कुरा गरी सौचालय निर्माणका लागि रकम वडावाट पनि सहयोग गराउन पहल गरीयो र वडा बाट पनि बजेट विनियोजन पर्ने निर्णय भयो । यसरी वडा र गुडनेवर्स इन्टरनेशनल नेपालको संयुक्त लगानिमा यस स्वास्थ्य संस्थामा पानि सहितको सौचालय निर्माण भएको थियो ।

**सहयोग पछिको अवस्था**

यस स्वास्थ्य चौकीमा सौचालय निर्माणले सेवाग्राही तथा कर्मचारीहरुमा सहजता भएको छ । स्वास्थ्य चौकी जाँदा सर्वप्रथम त स्वास्थ्य कर्मचारीलाई र विरामीलाई शौचालयमा निर्धक्क भई समय कर्कुन नपर्ने र महिला पुरुषका लागि अलग अलग कोठा भएकाले सुविधा भएको छ । सौचालय व्यवस्थित र पक्की भएको तथा खानेपानि पनि नियमित आइरहेकोले शौचालयको सरसफाईमा पनि सहयोग भएको छ । स्वास्थ्य चौकीमा पानिको पहुँच भएकोले विरामी र सुत्केरी महिलाहरुले पनि दिशा, पिसाव गर्न सहजता भएको छ ।



स्वास्थ्य चौकीमा निर्माण भएको सौचालयले सेवाग्राही र कर्मचारी दुबैलाई सहजता भएको र पहिले पानीको अभाव भएको तर अहिले पानीको निरन्तरताले सौच पश्चात सावुन पानिले हात धुने पनि गरेको छ भनेर भन्नुहुन्छ स्वास्थ्य चौकीका ईन्चार्ज कुवेर सिंह । हाल विरामी संख्या बढी भएमा वा स्वास्थ्यमा तालिम ,वैठक भए पनि शौचालय पर्याप्त हुदा सेवामा सकारात्मक प्रभाव परेको छ, राम्रो काम गरीदियो पीसविन वाजुरालाई धन्यवाद भन्नुहुन्छ स्वास्थ्य चौकीका कार्यरत अनमी दुर्गा गिरी ।

## फर्निचर सहयोगले वसाई व्यवस्थापन र पढाईमा सहजता

### पृष्ठभुमि

वाजुरा जिल्ला बुढीगंगा नगरपालिका वडा नं: १० मा वि सं २०१८ सालमा अस्थाई रुपमा स्थापित श्री सिंगाडा माध्यमिक विद्यालय हो र विद्यालय प्रा वि स्थायी रुपमा वि सं: २०३२ पुष १ गते भएको थियो । उक्त समयमा विद्यालयको प्रअ लोग वहादुर शाह थिए उक्त समयमा सो विद्यालयको बि ब्य स अध्यक्ष पदम वहादुर शाही थिए । २०३८ सालमा विधालयको प्रअ विष्णुध्वज शाह भई विद्यालय नि.मा. वि. स्विकृती भई पुन:२०६७ सालमा मा. वि. स्विकृती भई  हाल मा. वि तहसम्म निरन्तर रुपमा यस विद्यालयले गतिविधीहरु सञ्चालन गरीरहेको छ । हाल यस विद्यालयका बि ब्य स अध्यक्ष दल बहादुर साउँद, शि अ स अध्यक्ष उदै सिंह साउँद र प्रअ विष्णुध्वज शाह हुनुहुन्छ । यस विद्यालयमा विद्यालयमा ११ जना शिक्षक र ४७७ जना विद्यार्थिहरु रहेका छन् जसमा मा केटी २४५ र केटा २१०रहेको छन । भौतिक संरचनाको हिसाबले १० वटा कक्षा कोठा रहेका छन सौचालयका अवस्था पनि ठिक रहेको छ । विद्यालयको नजिकैमा ठुलो समुदाय रहेको छ ।





### पहिलेको अवस्था

यसविद्यालयमा विद्यार्थीको तुलनामा बसाई व्यवस्थापन राम्रो थिएन । बिद्यँलयमा फर्निचर विद्यार्थिको संख्या भन्दा धेरै कम भएकोले वसाई व्यवस्थापन गर्नै समस्या भएको थियो । विधार्थीहरु वस्नको लागि भएका डेस्क वेञ्च कम भएकोले पढाईमा प्रभावकारी शिक्षणमा समस्या । विद्यालयमा १ र २ कक्षा वाहेक प्रत्यक कक्षा कोठामा बढिमा ४ र ५ काठको डेस्क वेञ्च भएको अवस्था थियो । यो अवस्था देखि यस विद्यालयलाइ साविकको गाविस कार्यालयले रु १५००० को ३३ सेट फर्निचर सहयोग थियो । भने वडा नं: ८ ले सो विद्यालयलाई रु ५०००० को १५ सेट फर्निचर सहयोग थियो । यसरी सहयोग गर्दा पनि यस विद्यालयमा जम्मा १०० सेट मात्र भएकोले फर्निचरको समस्या भई एउटा डेस्क वेञ्च ६ देखि ७ जना वस्नुपर्ने अवस्था थियो । विद्यालयमा प्रसस्तै फर्निचर नहुंदा विद्यालयमा पठन पाठन गर्न असहजता भई शिक्षणमा प्रभाव परेको थियो भनेर सोही विद्याललयका सह शिक्षक हंश वि क सरले वताउनुभयो । वालवालिका कक्षाकोठामा वस्दा भएका वेञ्चमा बस्नलाई आपसमा झगडा गर्ने र व्यवस्थापन गर्न असहजता हुन्थ्यो । फर्निचरको अभावले गर्दा एउटै वेञ्चमा ६ देखि ७  जना वस्नुपर्ने वाध्यता थियो ।

## हाम्रो मध्यस्थता तथा सहयोग



यस बिद्यालयमा पीसविन बाजुराद्धारा सञ्चालित सामुदायिक बिकास परियोजनाले विभिन्न विद्याँलय सुधार तथा शैक्षिक सुधारका कार्यक्रम सन् २०१८ देखि संञ्चालनमा ल्यायो । यस बिद्यालयमा सामुदायिक बिकास परियोजनाले विभिन्न क्रियालकालम सञ्चालन भईरहदा विद्यालयसंग विभिन्न समयमा गईरहदा कक्षा कोठामा वालवालिकाको वसाईको अवस्था हेर्दा अलि अब्यबस्थित देख्दा बिद्यालय प्रअसँग कुरा भयो आवश्यकता विष्लेशणमा यस विद्यालयको विद्यार्थि संख्याको आधारमा साचिकै फर्निचरको समस्या रहेको पाइयो । यस समस्यालाई समाधान गर्न समस्याको बारेमा छलफल गर्न व्यवस्थापन समिती, वडा अध्यक्ष, प्रअ र बिब्यस अध्यक्षसँग समन्वय गरी बि ब्य स बैठक सञ्चालन गरी फर्निचर व्यवस्थापन गर्न माग पीसविनलाई माग गर्ने बारे निर्णय भयो । साथै बुढीगंगा नगरपालिका वडा नः १० का अध्यक्ष ज्यु सगँ बैठकमा विद्यालयमा फर्निचरको अभावले गर्दा वालवालिकामा परेको समस्या र पारेको असरका वारेमा छलफल गरियो र दुवै वडा र गुड नेवर्स इन्टरनेशनल नेपालले क.म.स. सहयोग गर्ने सहमति भयो र त्यही अनुरुप पीसविन बाजुराले गुड नेवर्स इन्टरनेशनल नेपालको सहयोगमा विद्यालयलाई ३३ ओटा बेन्च डेस्क २०१९ डिसेम्वर ६ तारिखमा हस्तान्तरण भयो भने वडाले पनि फर्निचर सहयोग गरेको थियो ।

## सहयोग पछीको अवस्था



गुड नेवर्स इन्टरनेशनल नेपाल र वडा कार्यालयको सहयोगमा विद्यालयमा फर्निचरको सहयोग पछि हाल वालवालिकाहरुको वसाई व्यवस्थापन राम्रो रहेको छ । एउटै बेन्चमा ६ जना ७ जना बस्नुपर्ने बाद्यता हटेको छ । पुराना काठका काम नलाग्ने बेन्चहरु कक्षा कोठाबाट हटाइएको छन् । हाल विद्यालयमा एउटा वेञ्चमा बढीमा ४ जना वस्ने गरेको अवस्था पाइन्छ यसले वालवालिकाको पढाईमा सहजता भएको छ । कक्षाकोठामा फर्निचरको पर्याप्त भएको हुंदा वालवालिकाहरु खुसि भएका छन् । अझ झोला राख्ने सहितका डेस्कहरुमा बस्ने विद्याभिहरुलाइ अझ सहजता भएको छ । कक्षा कोठामा वालवालिका सहजै वस्न रुचाएका छन् । झोला राख्ने सहितको डेस्क वेन्चले बालबालिकालाई शिक्षण सिकाई क्रियाकलापमा पनि सहजता भएको छ

भनेर विद्यालयका प्रअ विष्णुध्वज शाहले भन्नुभएको छ “विद्यालयलाई फर्निचर सहयोग र सहयोगमा समन्वयकारी भुमिका खेलि विद्यालयको बसाई व्यवस्थापनमा सहयोग गरेकोमा तपाई लगायत पीसविन बाजुरा गुड नेवर्स र वडालाई धन्यबाद, यसले बसाई व्यवस्थापनमा पनि सहयोग पुगेको छ जसले शैक्षणीक क्रियाकलापमा पनि सहजता आएको छ ” प्रअ विष्णु ध्वज शाह

## सहयोगको लालचमा विदेश गएका स्पोन्सर बालक स्वदेश फेर्ता

गुड नेवर्स इन्टरनेशनल नेपालका आर्थिक सहयोगमा संञ्चालित एकिकृत सामुदायिक विकास परियोजनाले खप्तड छेडेदह गाउपालिका र बुढीगंगा नगरपालिकाको ३२ ओटा विद्यालयका स्पोन्सर बालबालिकाहरुलाई निरन्तर सहयोग गदै आईरहेको छ । ति बालबालिकाहरु मध्य एक बालक हुन राजेश कडायत । ९ बर्षको भए राजेस कडायतको स्पोनसर कोड NPL-0119-002294 हो । उनको बुबाको नाम गोपाल कठायत हो भने आमाको नाम गुड्डु देवी कडायत हो । उनको एक जना दाइ हुनुहुन्छ भने असाध्यै मन पर्ने बाजे विश्व कठायत पनि जिवित नै हुनुहुन्छ । उनको परिवारमा जम्मा बाजे बजै लगायत जम्मा ६ जना बस्नुहुन्छ । सन् २०२१ बाट हाम्रो स्पोन्सरसिप कार्यक्रममा संलग्न भएका थिए । सन् २०२१ देखी निरन्तर सहयोग गर्ने गरी हामिले स्पोन्सरसिप कार्यक्रममा उनलाई जोडेको थियो ।



राजेश कडायतको आर्थिक अवस्था एकदमै कमजोर थियो । जीवन निबार्ह गर्नको लागि उनको बुबा आमा इन्डीया जानुहुन्थ्यो । उहाँहरुसँगै राजेश कडायत पनि ईन्डीया नै बस्थे । कोभिडको बेला निजको आमा बुबा नेपाल आउनुभएको थियो उहाँहरुसँगे राजेश कडायत पनि नेपाल आएको थिए । आर्थिक अवस्था सधाध्यै कमजोर भएको निजको परीवारलाई सहयोगको आवश्यक थियो । त्यसै बेला गुड नेवर्स इन्टरनेशनल नेपालले स्पोन्सर गर्ने गरी नयाँ बालबालिका छनौट गर्ने समयमा राजेश कडायत पनि छनौट भएका थिए । तर कोभिड १९ को महाँमारी घटेसँगै पुन स-परीवार इन्डिया गएको थिए । जसले गर्दा राजेश कडायतको APR गर्न समस्या भई रहेको थियो भने गुड नेवर्स इन्टरनेशनल नेपालको स्पोन्सरसिप कार्यक्रमबाट बाहिर हुने अवस्थामा थिए ।





पीसविन सामुदायिक सहजकर्ताद्धारा बालकको घरभेट घाट गरी निज बालकलाई नेपाल फर्काउन निजको बाजेबजैलाई परामर्श गर्नुभयो र बाजे बजैले पनि खबर पठाउदा पनि निजको बुबा आमा र निज बालक नेपाल फर्कनु भएको थिएन भने इन्डीयामा उनको परिवारसँग फोन सम्पर्क थिएन । फोन सम्पर्कमा ल्याई निजको आमा बुबालाई परामर्श गरी नेपाल फर्काउन निजको गाउलेको सन्तोष कडायतसँग सम्पर्क गरी निजका आमा बुबालाई सम्पर्कमा ल्याउन भनियो । अन्तमा निजको आमा बुबा पनि सम्पर्कमा आउनु भयो । सम्पर्कमा आएसँगै आमा बुबालाई परामर्श गरियो । उनिहरुको भुमिका बारे सम्झाइयो । आफ्ना छोरा छारीलाई पढाउनुको औचित्य उनिहरु शिक्षा स्वास्थ्य प्रति आमाबुबाको भुमिका र कर्तव्य बारे पनि सम्झाइयो तर पनि उनको बुबा आमा नेपाल आउन सहमत हुनुभएन । अन्तमा स्पोन्सरसिप कार्यक्रमको बारेमा पनि जानकारी गराइयो र शिक्षा आर्जन गर्न १८ बर्ष सम्म सहायोग गर्ने र विरामी हुदा पनि बालकको स्वास्थ्य उपचार गराईदिने साथै जीविकोपार्जनमा पनि आवश्यक सहयोग गर्ने भएकोले यो कार्यक्रममममा जोडी राख्न अनुरोध गरीयो । निरन्तर कार्यक्रममा जोडीन आवश्यक परेको वेला फोटो खिच्न पर्ने भएको र चिठी पनि लेख्न पर्ने भएकोले नेपाल फर्के पछी मात्र सहयोग हुने कुरा जानकारी गराइयो । त्यसपछी उसको बुबा आमा सहमत हुनुभयो र भन्नुभयो विद्यालय पढाउन १८ बर्षका हुदा सम्म सहयोग गर्ने तथा उपचारमा पनि सहयोग गर्ने भए नेपाल आएर बावुलाई त्यताकै विद्यालयमा बढाउछौ । तपाईँहरुले अरु सहयोग पनि गर्नुहोला भन्ने कुरा गर्नुभयो र नेपाल फर्कनु भयो । नेपला फर्केपछी विद्यालय पढ्नको लागि आवश्यक कापी, पेन्सिल, झोला ईरेजर सापनर जस्ता आवश्यक सामाग्रि पनि सहयोग गरेका थियौ । निजको आमा बुबा धेरै सम्झाउदा पनि नआउने भएकोमा लामो समयसम्म सहयोग पाउने लालचमा नेपाल फर्कनु भएको थियो । नेपाल फकेछी बाबुलाई कक्षा २ मा भर्ना गर्नुभयो ।

हाल बाबु खप्तड छेडेदह गाउँपालिका वडा नं ४ मा अवस्थित जिउलेख आधारभुत विद्यालयमा पढ्दै छन । बाबु नियमित विद्यालय गइरहनु भएको छ । २०७९ को हाल सम्मको  विद्यालयको रेकर्ड हेर्दा १०० प्रतिशत हाजिर हुनुहुन्छ अर्थात एक दिन नविराई विद्यालयमा नियमित रुपमा विद्यालय गइरहेका छन । कक्षामा पनि अरु विद्यार्थी भन्दा राम्रो रहेका छन् । बाबु अनुशासित मेहेनती र लगनशिल पनि छन् नियमित गृहकार्य गरेर विद्यालय जाने गरेका छन भने सरसफाइमा पनि राम्रै रहेका छन् । विद्यालयका शिक्षक भिम रावल भन्नुहन्छ साहेद उ आउने परिक्षामा प्रथम हुन्छ होला । उनको आमा बुबा बाजे बजै सबै सर्म्पका रहेका छन् ।  नियमित घरभेटघाट जादा अब बाबुलाई नेपालमै बढाउने र नियमित विद्यालय पठाउने कुरामा सहमत हुनुहुन्छ र भन्नुहुन्छ बावुलाई अव नियमित रपमा विद्यालय पढाउने छु ।

## बाल समूह गठन पछी बिद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन

खप्तड छेडेदह गाउँपालिका वडा न. ४ स्थित माद्यामिक बिद्यालय वडा न ४ को एक मात्र माद्यामिक तह सम्म पढाइ हुने बिद्यालय हो । कोरोना भाइरसका कारण विश्वभरी शैक्षिक संघसंस्थाहरु संचालन हुन सकेका थिएन । जसको प्रभाब श्री खापरदेबस्थली माद्यामिक बिद्यालयलाई पनि पर्‍यो । २०७७ सालको शैक्षिक सत्र सुरु भएदेखी असोज १४ गतेसम्म संचालन हुन सकेन । त्यो समयमा बिद्यालयलाई बिदेस अन्य ठाँउबाट आएका ब्यक्तिहरुलाई राख्ने क्वारेन्टाइनको रुपमा संचालनमा प्रयोग गरिएको थियो । जब कोरोना भाइरसको प्रभाब अलि कम हुन थाल्यो । साबधानीका उपायहरु अपनाएर असोज १५ गते बाट श्री खापरदेबस्थली माद्यामिक बिद्यालय नियमित रुपमा संचालनमा आयो । सुरुमा बिद्यालयलमा जोर, बिजोर प्रणाली अनुसार संचालन गरियो । केही समय पछी पढाइलाई तिब्रता दिन जोर बिजोर प्रणाली हटाइ सबै बिद्यार्थीलाई उपस्थित गराई शिक्षण सिकाइ कार्य संचालन गरियो ।

असोज महिनाबाट संचालनमा आएको बिद्यालय माघ महिना सम्म आइपुग्दा पनि बिद्यालयमा






शुक्रबारको दिन कुनै पनि अतिरिक्त क्रियाकलाप संचालन गरिएको थिएन । जब मिति २०७७ साल माघ १५ गतेका दिन बिद्यालयमा विरेन्द्र धामीको अध्यक्षतामा १५ सदस्यिय बाल समूह गठन गरियो । उक्त बाल समूहको वैठकले आफ्नो कार्ययोजना निर्माण गरी बिद्यालयमा आगामी दिनहरुमा शुक्रबारको दिन शुक्रबार्षिय अतिरिक्त कार्यक्रमहरु संचालन गर्ने भनि कार्ययोजनामा समाबेश गर्‍यो । बिद्यालयमा गठित बाल समूहले प्रधानाध्यापक संग अतिरिक्त क्रियाकलापहरु संचालनकालागि प्रस्ताब राख्यो र प्रधानाध्यापकबाट पनि त्यसको उचित सम्बोधन भयो । फलस्वरुप माघ १७ गतेको शुक्रबारका दिन बतृत्वकला प्रतियोगिताको कार्यक्रम संचालन भयो । त्यस पछि शुक्रबारको दिन सधै बिद्यालयले एउटा अतिरिक्त क्रियाकलाप संचालन गर्ने भनि बिद्यार्थीलाई जानकारी गराउन थाल्यो । त्यसपछी बिद्यालयले प्रत्येक शुक्रबारको दिन अतिरिक्त कार्यक्रम संचालन गर्न थालेको छ । कहिले कविता वाचन प्रतियोगिता ,हाजिरी जवाफ प्रतियोगिता,सांस्कृतिक कार्यक्रम ,बिद्यालयमा खानेपानी तथा सौचालयको सरसफाई देखि लिएर अन्य सदनात्मक खेलकुदका क्रियाकलापहरु पनि संचालन गर्दै आइरहेको छ ।

अर्कोतर्फ बाल समूहले बाल बिबाह न्युनिकरणकालागि सबै बालबालिकाले बाल समूहको माइन्युटमा बाल बिबाह नगर्ने र गर्न पनि दिने छैनौ भनि हस्ताक्षर सहितको प्रतिबद्धता जाहेर गरेका पनि छन । खापरदेबस्थली बाल आवाज नामक भित्रे पत्रिका प्रकाशनका लागि तयारीमा छन ।





## सफल भविष्यको लागि अभिभावक बन्दै परियोजना



वाजुरा जिल्ला वुढीगंगा नगरपालिका वडा नं.८ देवलसैन वस्ने स्वर्गिय वुवा हिमराज रावल र आमा जला देवि रावलकी एकमात्र छोरी हुन अनुस्का रावल । उनको जन्म विक्रम संम्वत २०६१।०५।०२ मा भएको थियो । उनका वुवाको उनी ५,६ वर्षको हुँदा एच आई भी संक्रमित भई अकस्मात मृत्यु भएको थियो । घरमा उनी र आमा मात्रै भएको साथै आमा सो अवस्था वाटै एच आई भी संक्रमित भई औषधी खादै हुनुहुन्छ भने अनुस्कामा भने सो वेलामै चेक जाँच गर्दा पनि देखिएन र स्वस्थ थिइन । पारिवारीक जिम्मेवारी आमामा थपिदै गएको थियो । सन् २०१३ मा गुड नेवर्स इन्टरनेश्नलको कार्यक्रम वाजुरामा सञ्चालन हुँदा उनी कक्षा ५ श्री त्रिश्क्ती मा वि मा पढ्दै थिइन् । उनी पढाईमा पहिले देखि नै राम्रो मेहनती थिइन् । उनी कक्षा ५ देखि नै कक्षामा प्रथम/द्धितृय हुने गर्थिन । आमाको आफुमा सीप कुनै नभएकोले जिविको सञ्चालन गर्न पहिलेको भन्दा असहज भएको र घरायसी कामकाज गरी घर खर्च व्यवस्थापन गर्न समस्या देखियो । आमाले केही समय पश्चात पछि सानो, सानो चिया पसल गाउँमै



सञ्चालन गरी खर्च व्यवस्थापन गनुभएको थियो । संस्थाको सहयोगमा जोडिदा अनुस्कालाई पढाईका लागि चाहिने किन्ने समान केही मात्रामा भने सहयोग हुन्छकी भन्ने आशा भयो । र पढाईमा सहजता भयो भन्नुहुन्छ जला देवि रावल । उनी सानै देखि विद्यालयका प्रत्येक कियाकलापमा सहभागी हुन रुची राख्ने गर्थिन् र नियमित विद्यालय उपस्थित भई विद्यालयवाट उत्कृष्ट छात्राको रुपमा पनि सम्मानित भएकी थिइन । संस्थावाट पनि नियमित शैक्षिक तथा युनिफर्म सामान पाएकी थिइन ।

वाजुरामा सन् २०१३ साल वाट गुड नेवर्स इन्टरनेश्नलको कार्यक्रम सञ्चालन भए पश्चातवाट अनुश्का पनि प्रायोजित वालिका हुन । उनी विद्यालयमा नियमित जाने छात्रा हुन । उनी अनुशासित ,लगनसिल र मेहेनती हुन । सँस्थावाट नियमित शैक्षिक तथा युनिफर्म सामग्री कक्षा ९ पढ्दा सम्म पाइन । उनमा सानै देखि विधालयका विभिन्न कार्यक्रममा सहभागि भई आफना कुरा राख्ने चाँसो थियो । उनको आमा पनि संस्थाको शेयर सदस्य भएर मासिक पैशा वचत गनुहुन्छ ।आफु औषधी सेवन गर्दै आउनुभएको छ । गुड नेवर्स इन्टरनेश्नल वाट विधालयमा हुने वालअधिकार र वाल संरक्षण ,वालविवाह न्युनिकरण सम्वन्धि तालिममा सहभागि हुने गर्थिन् । अनुस्काले गत वर्ष एस इइ मा ३  जीपिए अर्थात ७५ प्रतिशत अंक ल्याएर उर्तिण भइन् ।कक्षा १० देखि माथि वार्षिक नगद रु ३००० सहयोग पाइरहेकी छिन् । आमाले पनि घरमा चिया पसल सञ्चालन गरी घर खर्च व्यवस्थापन गरिरहनु भएको छ । राष्टिय स्तरको वाल कचहरी कार्यक्रममा सहभागि भई आफनो भनाई राख्ने अवसर पाएकी थिइन । स्पोन्सरलाई आफनो चिठ्ठी फोटो आवश्यक विवरण दिन उनले र उनको आमाले सहजै सधै सहयोग गर्नुभयो । सधै आफनो पढाईमा चासो राख्ने गर्छिन् भन्नुहुन्छ उनको आमा जला देवि रावल ।






सानै उमेरमा वुवा गुमाएकी अनुस्का आमाको मायाले राम्ररी आफनो वाल्यअवस्था विताइन् ।उनी सानै देखि विद्यालयका विभिन्न अतिरिक्त क्रियाकलापमा सहभाागि भई आफना कुरा राख्न रुची राख्ने गर्थिन । गुड नेवर्सको सहयोगमा सञ्चालित विभिन्न कार्यक्रम तथा तालिममा उपस्थिति भई आफु नेतृत्व गर्ने साहस गर्थिन र सहजिकरण पनि गर्ने गर्थिन । विद्यालयको वालकल्वमा २ वर्ष कार्यकाल उपाध्यक्ष भएर काम गरिन साथै वाल अधिकार र वाल संरक्षण, वाल विवाह न्युनिकरण सम्वन्धि सचेतनामुलक

कार्यक्रमको नेतृत्व र सहजिकण पनि गरिन् । अनुस्काले गुड नेवर्सको सहयोगमा राष्ट्रिय स्तरको वाल कचहरी कार्यक्रममा वाजुरावाट सहभागि भई वालवालिकामाथिका हुने हिंसा विभेद जातीय छुवाछुत र महिनावारी वारेमा आफनो भनाई राखिन । उनी भन्छिन् यो अवसर मलाई प्रदान गरी आज सम्म पनि पढाई र अन्य क्षेत्रमा प्रेरित गरी क्षमता विकासमा टेवा पुयाएकोमा संस्था गुड नेवर्स इन्टरनेश्नललाई धन्यवाद दिन चाहान्छु । उनी हाल काठमाण्डौ वीर हस्पिटल नरसिंह कलेजमा स्टाप नर्स पढ्दै छिन । आमाले आफनो पारिवारिक अवस्था पहिलेको भन्दा अहिले राम्रो गदैआउनु भएको छ । उहाँले महिला विकासवाट पहिलेवाटै १०,००० रुपैयाँलिई आफनो गाउमै खाजा पसल चलाउनु भएको छ । साथै उहाँले ४ वर्ष पहिले गाविसको सहयोगमा सिलाई कटाई सीप सिकेर हाल आफनै गाउँघरका महिलाका सुट अन्य कपडा पनि सिलाएर मासिक ५,६ हजार रुपैयाँ आम्दानी हुन्छ भन्नुहुन्छ । सहकारीमा पनि मासिक वचत गर्ने पनि गर्नुभएको छ । छोरीलाई अहिले पढाउन र घरखर्च गर्न सहज भएको छ । निरन्तर यस संस्थाले पढाई अन्य कार्यमा अवसर प्रदान गरी मेरो छोरीको क्षमता निर्माणमा सहयोग गर्नुभएको मा धन्यवाद छ ।

सर्वप्रथम त मलाइ निरन्तर पढ्नमा सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु । म स्टाप नर्स पढ्दै छु आशा छ पढेर उर्तिण हुनेछु । स्टाप नर्स पढेर एउटा असल नागरिक भई काम गर्ने छु । आफनो जिवनका चुनौतिलाई अवसरका रुपमा लिने छु । आफनो आमालाई सके सम्मको सन्तुस्टी र खुसि दिने छु । आफनो जिवनको वारेमा सोचिरहने छु । मैले मेरो पढाईलाई सधैं निरन्तर्रता दिईरहने छु ।





## डेस्क बेन्च सहयोगले बसाई व्यवस्थापन परीक्षा दिन सहज

बुढिगंगा नगरपालिका स्थित थुमा माध्यामिक विद्यालय बुढिगंगा नगरपालिका ५ बाजुरा लाई डेस्क बेन्च सहयोग पछी बसाई व्यवस्थापनमा सहयोग पुगेको छ । ४०२ जना अध्यन गरीराखेको थुमा माध्यामिक विद्यालयमा सहयोग गर्नुपुर्व विद्याथीहरु एउटै बेन्चमा ५ जनासम्म बस्नुपर्ने बाध्यता थियो जसबाट विद्याथीहरुलाई असहजता हुन्थ्यो । परीक्षा सुरु भएपछी विद्यार्थिहरुले फिल्ड भुईमा बसेर परीक्षा दिनुपर्ने बाध्यता थियो यसबाट विद्यार्थीहरुलाई असहजता हुन्थ्यो भने परीक्षा व्यवस्थित हुदैनथ्यो भने विद्यार्थी पनि ३ घण्टा सम्म भुँइमा बस्दा थाक्ने तथा अस हज महसुस गर्ने गरेको थियो ।



सहयोग पहिला विद्यार्थीहरु भुइमा बसेर परीक्षा दिदै

पीसविनले यस्तो बाध्यता र असहजताको अवस्था थाहा पाईसकेपछी पीसविन सामुदायिक विकास परीयोजना मार्फत विद्यालयको अवस्था विश्लेषण गरी विद्यालयको माग र अवस्था विश्लेषण अनुरुप विद्यालयलाई डेस्क बेन्च सहयोग गर्ने निर्णय अनुसार २०७५ मंसिर २१ गते विद्यालयलाइ ८० ओटा बेन्च तथा डेस्क हस्तान्तरण गरीयो ।


डेस्क बेन्च हस्तान्तरण कार्यक्रम

यसरी विद्यालयलाई डेस्क बेन्च सहयोग हस्तान्तरणसंगै थुमा माध्यामिक विद्यालय परीवारमा खुसीयालि छाएको छ । विद्यालयको बसाई व्यवस्थापनमा पनि सहजता भएको छ । विद्याथीहरुले ५ जना एउटै बेन्चमा बस्नुपर्ने बाध्यता पनि हटेको



डेस्क बेन्च सहयोग पछी विद्यार्थीहरु डेस्क बेन्चमा परीक्षा दिदै

छ । हाल विद्यालयको विद्यार्थि डेस्क बेन्चको अनुपात पनि ५.०३ बाट घटेर ३.३५ मा झरेको छ । यसरी विद्यालयलाई प्रयाप्त डेस्क बेन्च भएसँगै 'विद्यार्थीहरुले भुँइमा बसेर परीक्षा दिने बाध्यात हटेसँगै डेस्क बेन्चमा परीक्षा दिन पाउदा खुसी छन' भनि विद्यालय प्रधानाध्यापक पुर्ण बहादुर खातीले बताउनुहुन्छ भने विद्यार्थी पनि हर्षित भएका छन । यसरी बसाई व्यवस्थापनका लागि सहयोग गरीएको बेन्च डेस्कले असहजता हटाउने सँगै शिक्षण सिकाई क्रियाकलापमा पनि सहयोग सहजता ल्याएको छ ।

## सेनेटरी प्याडले ल्यायो जीवनमा खुशीयाली



करिष्मा विकको घर बाजुरा जिल्लाको खप्तड छेडेदह गापा वडा १ को शान्ति टोलमा अवस्थित छ । उनी अहिले १६ वर्ष कि भइन । उनी सोही वडाको काडा भवानी माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययन गर्छिन ।  उनी अध्ययनरत विद्यालयको भवानी बाल क्वलको अध्यक्ष पनि हुन । किशोर, किशोरीहरुको लागि उमेरको बृद्धिसँगै शारीरिक परिवर्तन आउनु स्वाभाविक र सामान्य हो । जुन कुरा करिष्माको लागि नौलो भने होइन । मुख्य गरी केटीका लागि हुने महिनावारी पनि सामान्य नै भए पनि सामाजिक कुरीति र परपम्रागत मान्यताका कारण महिनावारीलाई अझै पनि धार्मिक हिसाबले अपवित्र नै मानिन्छ । यसका साथै समुदायमा हुने सामान्य मेला अन्तर्क्रिय कार्यक्रमको बेला महिनावारी व्यवस्थापनको कारण सहभागी हुन गाह्रो नै हुने गर्दछ । जुन कुराबाट टाढा करिष्मा पनि रहिनन् । मनमा अनेक चाहना र इच्छा हुँदा हुदै पनि उनले महिनावारीको कारण विद्यालयमा हुने विभिन्न अतिरिक्त कार्यक्रममा सहभागी हुन पाइनन् । यसै गरी उनलाई विद्यालय लगायत अन्य संस्थाले आयोजना गरेको कुनै बैठकमा, भेला जस्ता कार्यक्रममा जान निकै गाह्रो र असहज हुने गर्दथ्यो । कयौ पटक कक्षामा पढीरहेका बेला विद्यालयमा नै महिनावारी हुँदा व्यवस्थापन गर्न गाह्रो हुदा कक्षा नै छोडेर घर जाने गर्थिन । यसले गर्दा उनको पढाइमा पनि निकै समस्या पर्न थाल्यो । उसै त SEE  परीक्षालाई गाउँघर र समुदायमा विशेष महत्व र प्रतिष्ठाका साथ हेरिन्छ । उक्त परीक्षा उत्तिर्ण हुनका लागि मेहनत र समयको व्यवस्थापन पनि अरु कक्षाको परीक्षाको भन्दा बढी गर्नु पर्ने हुन्छ । तर महिनावारीको कारणले गर्दा उनको पढाइमा बाधा पुगिरहेको थियो । महिनावारीलाई व्यवस्थापन गर्ने चाहाना हुँदा, हुँदै पनि उनलाई त्यसको बारेमा सामान्य जानकारी बाहेक अन्य कुनै ज्ञान थिएन । हुन त यो समस्या करिष्माको मात्रै नभएर काडा

भवानीका अरु किशोरीहरुको पनि हो । करिष्मालाई भने बाल क्लवकी अध्यक्ष भएकोले अलि बढी दबाद थियो गलत सामाजिक मान्यता भत्काइ समाजमा उदारणीय काम गरेर देखाउनु पर्ने साथीभाइको माझ ।



पीसविनले दिएको सेनेटरी प्याड बनाउने तालिम करिष्मा लगायत अन्य ३५ जना छात्रा सहभागी भए । करिष्मा भन्छिन् सेनेटरी प्याड बनाउने तालिमले धेरै कुराको जानकारी दिएको छ  मलाई । तालिमबाट महिनावारी स्वच्छताको सम्बन्धि शिक्षा पाइयो नै साथै स्थानीय स्तरमै सेनेटरी प्याड बनाने सीप पनि। । पहिले पहिले महिनावारीको बेला सादा कपडा प्रयोग  गर्दा कतै कपडा खस्छ कि भन्ने बेला बेला मनमा डर भइरहन्थ्यो । हिडदा हिडदै सार्वजनिक बाटोमै खस्यो भने इज्जतको डर हुने भय सधै मनमा आइरहन्थ्यो



तर जब सेनेटरी प्याड बनाउने तालिम पाएँ त्यसपछि आफैले बनाएको प्याड ढुक्कसँग प्रयोग गर्न थाले र । न खस्ला भन्ने पीर न जान पाइन्न भन्ने चिन्ता । म आजभोली विद्यालयमा संञ्चालन हुने अत्तिरिक्त कृयाकलापमा पनि खुलेर भाग लिने गर्दछु । उनी भन्छिन अब विद्यालयमा आउँदा सधै प्याड बोकेर आउने गर्छु । यसले मलाई विद्यालयमा हुँदाको बखत हुने महिनावारीलाई पनि सजिलो गरेको छ  त्यसैले मम ढुक्क छु । पढाइमा पनि सहयोग गरेको छ मलाई ।



करिष्मा अध्यनरत विद्यालयकी शिक्षिका राधिका शाह भन्नुहुन्छ, सेनेटरी प्याड बनाउने तालिम पाएपछि किशोरीहरुको कक्षामा उपस्थिति  पहिलेभन्दा केही बढेको छ । पहिले टिफीनपछि सधै २,३ जना

